# भूमे साप्ताहिक

वर्ष ४ अङ्क ३ २०७९ पुस २७ बुधबार




सम्पादकीय

## चिसोबाट बच्न सचेतता अपनाऔं

हिउँदयामसँगै चिसो निकै बढेको छ । भौगोलिक रुपमा उच्च पहाडी क्षेत्र रहेको हाम्रो भूमे गाउँपालिका मात्रै होइन रुकुम (पूर्व)को जनजीवन नै जाडोयाममा प्रभावित हुने गर्दछ । यस वर्ष पनि पुस लागेसँगै बढेको चिसो अझैं बढिरहेको छ ।

दिउँसो हल्का घाम लागे पनि बिहान बेलुका निकै चिसो बढिरहेको छ । बिहानको समयमा हुस्सु लाग्ने, चिसो सिरेटो चल्ने प्रक्रिया शुरु भइसकेको छ । बिस्तारै माघतिर उच्च पहाडी क्षेत्रमा हिमपात पनि हुन सक्छ । त्यसैले चिसोबाट बच्न न्यानो कपडा लगाउने, आगो ताप्ने, तातो पानी पिउने जस्ता सहजै उपलब्ध हुने कार्य गर्नु जरुरी छ ।

चिसो मौसममा बालबालिका र ज्येष्ठ नागरिकलाई विशेष स्याहार गर्नुपर्दछ । यस्तो बेला रुघाखोकी, निमोनिया, दम लगायतका रोगले छिट्टै आक्रमण गर्ने भएकाले पालिकाबासी सबैले सचेतता अपनाउनु हुन हामी विशेष आग्रह गर्दछौं । चिसोबाट आफू बचौं र अरुलाई पनि बचाऔं ।


प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# भूमे गाउँपालिका गाउँ सभाको १३ औं अधिवेशन




❖ बालाराम शेर्पाली

पुस २६ । भूमे गाउँपालिका गाउँ सभाको तेह्रौं अधिवेशन मंगलबार गाउँपालिकाको कार्यालय खाबाङबगरमा सम्पन्न भएको छ। गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको अध्यक्षतमा बसेको गाउँ सभाको बैठकले विभिन्न निर्णयहरु गरेको छ।

गाउँ सभाको बैठकले आर्थिक वर्ष २०७९/८० मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुको हकमा विभिन्न योजना पारित गरेको छ भने सामाजिक विकास समितिले तयार गरेको विधेयक अधिवेशनमा प्रस्तुत गर्ने निर्णय गरेको छ।

यस्तै गाउँपालिकाको बैठकले रनिङ शिल्ड साझेदारी गर्ने, मारिङ बहुउद्देश्यीय संस्थामा विद्युत विस्तार, आवश्यकता अनुसार सबै वडाहरूमा घुम्ति शिविर सञ्चालन गर्ने, मेसिनरी औजार खरिद गर्ने निर्णय गरेको छ।

त्यस्तै, दलित समुदायको लागि जनचेतनामूलक अभियान सञ्चालन




गर्ने, महिलाहरुलाई सिलाइ कटाइ तालिम हरेक वर्ष दुई वटा वडाले चलाउने निर्णय गरेको छ। सोही अनुसार यस बर्ष भूमे गाउँपालिका वडा नं. ४ को उपल्लो साकिम र ५ मा उक्त तालिम सञ्चालन गर्ने निर्णय गरिएको छ ।

१३ औं गाउँ सभा बैठकमा सबै वडाका जनप्रतिनिधिहरुको उपस्थिति रहेको थियो।



# बजार नहुँदा परम्परागत सीप पुस्तान्तरको चिन्ता



घरको आँगनमा घाम ताप्दै कपडा बुन्दै भूमे गाउँपालिकाकी एक महिला। तस्बिर : महेश केसी

❖ बालाराम शेर्पाली

पुस २२ । भूमे गाउँपालिकामा हात हातै सीप भएका महिलाहरु घर घरै भेटिन्छन् । भेडाको ऊनबाट घरबुना कपडा बनाइरहेका भूमेका महिलाहरुको यो सीपको संरक्षण र पुस्तान्तरण भने हुन सकिरहेको छैन ।

आफ्नै घरको आँगनमा बख्खु बनाउन व्यस्त छिन् भुमे–६ महत गाउँकी ६१ बर्षीया रामु बुढामगर । भेडाको ऊनबाट बन्ने कोट अर्थात् बख्खु । उनले यसरी काम गर्न थालेको करिब ५० बर्ष भयो । सानैमा आमाले गरेको देखेर सिकेको यो सीप नै उनको दैनिकी चलाउने आधार बनेको छ।

कुनै बेला घरबुना कपडा बुन्ने सीप नभएका महिलाको विवाह नै गर्न गाह्रो हुन्थ्यो रे । रामु भन्छिन्, 'यसरी कपडा बुन्न नजाने श्रीमान् नै पाइदैनथ्यो रे । विहे नै नहुने, खानै नपाउने अवस्था थियो रे मलाई पनि हाम्रा बाबु बाजेले सुनाउँथें।' यसरी हातमै सीप भएकी रामु बुढामात्रै एक्ली होइनन् । महत गाउँका अधिकांश महिला भेडाको ऊनबाट विभिन्न कपडा बनाउन सिपालु छन् । सीप भएका महिलाहरु हिउँदको पारिलो घाम ताप्दै आँगनमा बसेर काम गरिरहेका भेटिन्छन् ।

हिमाली भेगमा पालिने भेडा र त्यसको ऊनबाट कपडा–लत्ता बनाउने पुरानो चलन हो । कुनै बेला पुरुषहरु भेडा चराउन खर्कतिर उक्लिने र महिलाहरु घरमा बसेर ऊनबाट कपडा बनाउँदै गुजारा चलाउने गरिन्थ्यो ।

पहिले भेडाको ऊनलाई प्रशोधन नगरिकन सबै काम घरमै गरिन्थ्यो । पछिल्लो समयमा यसको प्रशोधन समेत गरिने भएकाले कपडामा सुन्दरता थपिएको छ भने काम गर्न पनि सहज भएको छ । तर यस प्रकारका घरबुना कपडालाई बजारिया कपडाले विस्थापित गर्दै छ । जसका कारण यसको बजार साँघुरिएको छ । सँगसँगै घरकै उत्पादनबाट कपडा

बनाउने यो सीपको पुस्तान्तरण पनि निकै कम भइरहेको छ। यसरी बनाइएका कपडाको बजार अभाव हुनु र बाहिरबाट आयात गरिएका कपडाले गर्दा सीप पुस्तान्तरण रोकिन थालेकोप्रति स्थानीय चिन्तित भएका छन् । स्थानीय कविता बुढामगर भन्छिन्, 'हाम्रो परम्परागत सीप र संस्कृति लोप हुने खतरा बढेको छ, स्थानीय कविता बुढामगर भन्छिन्, 'हाम्रा पुर्खाहरुले हामीलाई छोडेर गएको संस्कृति लोप हुन नदिन त्यसलाई निरन्तरता दिइरहेका छौं।'

भेडाको ऊनबाट कोट, जुहारी कोट, ज्याकेट, पटुकी, टोपी र राडी—पाखी आदी बनाउने गरिन्छ । यो सीपको संरक्षण, प्रवद्र्धन र पुस्तान्तरणमा सहयोग पु-याउन भूमे गाउँपालिकाले विभिन्न तालिमहरु आयोजना गर्ने बताएको छ।

त्यस्तै भूमे गाउँपालिकाका उपाध्यक्ष सविना बुढामगरले यसको संरक्षण गरेर भावी पुस्तालाई हस्तान्तरण, परम्परागत सीपलाई जीवन्त राख्नका लागि स्थानीय सरकारले पनि विभिन्न वडाहरुमा तालिमको व्यवस्था मिलाएको बताइन् ।

यसरी हात हातै सीप र घरघरै सिपालु भएको रुकुम पूर्वको महत मात्रै होइन । यहाँका अरु गाउँघरमा पनि यस प्रकारको सीप भएकाहरु धेरै भेट्न सकिन्छ ।

सीप नै रोजगारको प्रमुख आधार हो । यसकारण समयानुकूल प्रविधिसँग जोडेर यसलाई थप सहज, व्यवस्थित र विस्तारित गर्दै नयाँ पुस्तालाई पनि यसमा जोड्न सके रुकुम पूर्वको पहिचान र गाउँघरमै रोजगारीको सिर्जना हुने थियो ।

# सुरक्षित खानेपानीयुक्त वडा घोषणा

❖ बालाराम शेर्पाली

भूमे गाउँपालिका वडा नं. २ सुरक्षित खानेपानीयुक्त वडा घोषणा भएको छ । पालिकामा रहेको पानीको गुणस्तर परीक्षण टोलीले निरन्तर गरेको जाँचका आधारमा पानीमा इकोली तथा कोलिफर्मजस्ता कीटाणु नपाइएकाले उक्त क्षेत्रलाई सुरक्षित खानेपानीयुक्त क्षेत्र घोषणा गरिएको हो ।

'एक घर, एक धारा रहेको वडाको कान्लेखोलामा करिब ६५ घरधुरीले प्रयोग गर्ने पानीमा कुनै कीटाणु नपाइएपछि सुरक्षित खानेपानीयुक्त वडा घोषणा भएको हो । यो क्षेत्र भूमे गाउँपालिकाको पहिलो सुरक्षित खानेपानीयुक्त वडा बनेको छ ।

रुकुमेली समाज विकास केन्द्रको प्राविधिक र संयुक्त राष्ट्रसंघीय बालकोष युनिसेफको आर्थिक सहयोगमा कान्लेखोलालाई सुरक्षित खानेपानीयुक्त घोषणा गरिएको छ ।

# बेसहारा दम्पत्तिलाई राहत वितरण

❖ बालाराम शेर्पाली

भूमे गाउँपालिका वडा नं. ३ सिमाका एक बेसहारा परिवारलाई राहत वितरण गरिएको छ । सिमा गाउँका ७३ वर्षीय हासबहादुर पुन र उहाँका श्रीमती ९५ वर्षीया नरजिता पुनलाई गाउँपालिकाले एक बोरा चामल, एक किलो नुन, ८ बोतल तेल र दुई वटा सिरक प्रदान गरेको हो।

लामो समयदेखि अरुको घरमा बस्दै आएका पुन दम्पत्तिलाई घरधनीले घर निकाला गरेपछि त्रिपालमुनि बस्दै आएका थिए ।

गाउँपालिकाले तत्काल थोरै राहत उपलब्ध गराएको भन्दै अध्यक्ष होमप्रकाश श्रेष्ठले बासस्थान पनि बनाइदिने बताउनु भयो । राहत वितरणमा गाउँपालिकाका अध्यक्ष श्रेष्ठ, भूमे—३ का वडाध्यक्ष परशुराम बुढा, दलित महिला सदस्य निमकुमारी बिक लगायतको उपस्थिति रहेको थियो ।

# गाउँघरमै सेवा दिन एकीकृत सेवा प्रवाह घुम्ती शिविर

❖ बालाराम शेर्पाली



भूमे गाउँपालिकाले पालिकाका ९ वटै वडामा एकीकृत सेवा प्रवाह घुम्ती शिविर सञ्चालन गरेको छ । गत मंसिर २२ गते वडा नं. १ लुकुमबाट शुरु भएको एकीकृत घुम्ती शिविर पुस ३ गते वडा नं. ९ को लाखरखोलामा सञ्चालन गरी सम्पन्न भएको हो।

गाउँकार्यपालिकाले निर्णय अनुसार गत मंसिर २२ गतेदेखि भूमे-१ लुकुमबाट उक्त शिविर शुरु गरिएको थियो । जसअनुसार मंसिर २३ गते वडा नं. २ काँक्री, मंसिर २५ गते वडा नं. ३ को झुम्लाबाङ, २६ गते वडा नं. ४ काँडामा घुम्ती शिविर सम्पन्न भएको छ ।

त्यसैगरी मंसिर २७ गते वडा नं. ५ सेराबाङ, २८ गते वडा नं. ६ महत, २९ गते वडा नं. ७ धर्मशाला, पुस १ गते वडा नं. ८ भोल्टी, पुस २ गते वडा नं. ९ को चुनबाङ र ३ गते लाखरखोलामा घुम्ती शिविर सम्पन्न भएको गाउँपालिकाका सूचना अधिकृत प्रेमप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

एकीकृत घुम्ती शिविरमा गाउँपालिकाबाट दिइने सम्पूर्ण सेवाहरु दिइएको गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनु भयो । 'हामीले एक चरणमा सिंगो वडाहरूमा पुगेर सेवा प्रदान गरेका छौं, अध्यक्ष श्रेष्ठले भन्नुभयो, 'यसले हामीलाई महत्त्वपूर्ण र मूल्यवान अनुभव एवं शिक्षा दिएको छ ।

गाउँपालिकाले दिने सेवालाई कसरी थप प्रभावकारी बनाउन सकिन्छ भन्ने बारेमा स्थानीयबासीबाट सल्लाह, सुझाव लिएको श्रेष्ठको बताउनु भयो । उहाँले भन्नुभयो, 'वडाबाट आएका सुझाव अनुसार आगामी दिनमा कार्यपालिकाको बैठकबाट निर्णय गरी नयाँ कार्यक्रम लिने छौं ।

शिविरमा सर्ने तथा नसर्ने रोगको चेकजाँच, उपभोक्ता समिति दर्ता, समूह फर्म दर्ता, जेष्ठ नागरिक परिचय पत्र वितरण, अपाङ्गता परिचय पत्र वितरण, सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राहीलाई परिचय पत्र वितरण लगायत गाउँपालिकाबाट दिइने सबै सेवाहरु दिइएको थियो ।

साथै शुक्रबार ८ नम्बर वडाकै कोर्जा आधारभूत स्वास्थ्य सेवा केन्द्रको नयाँ भवन उद्घाटन गरिएको छ । अब नयाँ भवनबाट स्वास्थ्य सेवा दिइने गाउँपालिकाले जनाएको छ। आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवनको लागि जग्गा दान गर्नु हुने चन्द्रकली बुढालाई गाउँपालिकाले आभार प्रकट गरेको छ ।






# खाबाङ बगरमा खुल्यो सस्तो पसल

❖ बालाराम शेर्पाली

भूमे गाउँपालिका-२ खाबाङ बगरमा सस्तो पसल स्थापना गरिएको छ । घरेलु तथा साना उद्योग कार्यालय रुकुम(पूर्व) को प्राविधिक सहयोग एवं गाउँपालिकाको समन्वयमा सस्तो पसल स्थापना गरिएको हो ।

सस्तो पसलको जिल्ला समन्वय समिति रुकुम (पूर्व)का प्रमुख मेघबहादुर श्रेष्ठले पुस १७ गते आइतबार एक समारोहका बीच उद्घाटन गर्नुभएको हो । पसल स्थापना भएपछि सोमबारदेखि नै स्थानीय उपभोक्ताले सहुलियत मूल्यमा खाद्यान्न सामग्री खरिद गर्ने अवसर पाएका छन् ।

सस्तो पसल सञ्चालनका लागि स्थानीय व्यापारीको प्रतिस्पर्धामार्फत् छनौट गरिएको र आवश्यक मापदण्ड अनुसार छनौट गरिएको घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ । खाबाङ बगरमा मारिङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, सस्तो पसल सञ्चालन छनौटका लागि यसअघि पसल व्यवसायले त्यस क्षेत्रमा सबैभन्दा सस्तो मूल्यमा उपभोक्तालाई बिक्री गरिराखेको पसल तथा व्यवसायलाई छनौट गरिएको थियो ।

सस्तो पसल सञ्चालन गर्न जिम्मा पाएका व्यवसायीले अब सस्तो पसल सञ्चालन कार्यविधिले तोकेको मापदण्ड अनुसार छूट दिइ बिक्री गर्नु पर्नेछ । जसमा बजारमा पाइने गरेको चामलको मूल्यभन्दा सस्तो पसलबाट प्रति किलोमा १० रुपैयाँ छूट पाउने घरेलु तथा साना उद्योग कार्यालयका नायब सुब्बा सागर लामिछानेले बताउनु भयो ।

यसैगरी नुनमा प्रति किलो ५ रुपैयाँ, तेलमा प्रति लिटर २० रुपैयाँ, दाल तथा गेडागुडीमा प्रति किलो २० रुपैयाँ, गहुँ/पिठोमा प्रति किलो २० र चिनी प्रति किलोमा १५ रुपैयाँ छूटमा बिक्री गरिने लामिछानेले जानकारी दिनुभयो।

एक घर परिवारले एक महिनामा चामल ५० किलो, नुन २ किलो, तेल ७ लिटर, दाल ५ किलो, गहुँ तथा पिठो १० किलो र चिनी ५ किलो प्रदान गरिने छ । सस्तो पसलमा खाद्यान्न किन्न जाँदा साथमा घरमूलीको नागरिकताको फोटोकपी लग्नु पर्ने छ ।

घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख मधुकर डाँगीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समिति प्रमुख मेघबहादुर श्रेष्ठ, विशेष अतिथि भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमका जिल्ला संयोजक दुर्गाबहादुर केसी लगायतले बोल्नुभएको थियो । कार्यक्रमको सहजीकरण नायब सुब्बा सागर लामिछानेले गर्नुभएको थियो ।

# जेष्ठ नागरिकलाई सम्मान

❖ बालाराम शेर्पाली

भूमे गाउँपालिकाले जेष्ठ नागरिकलाई सम्मान गरेको छ । दोस्रो राष्ट्रिय जेष्ठ नागरिक दिवसको अवसरमा गाउँपालिकाभित्र रहेका १८ जना जेष्ठ नागरिकलाई सम्मान गरेको हो ।

एक कार्यक्रमको आयोजना गरी ९ वटै वडाका जेष्ठ नागरिकलाई सम्मान गरिएको गाउँपालिका अध्यक्ष होमप्रकाश क्षेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार पुरुष जेष्ठ नागरिकलाई पटुका र महिला जेष्ठ नागरिकलाई बर्कोले सम्मान गरिएको थियो ।




गाउँपालिकाभित्रका जेष्ठ नागरिकमध्ये सबैभन्दा बढी उमेरकी ९८ वर्षीया मूली बुढालाई बर्को र नगदसहित गाउँपालिका अध्यक्ष क्षेष्ठ र उपाध्यक्ष सबिना बुढाले सम्मान गर्नुभयो ।

कार्यक्रममा बोल्दै अध्यक्ष श्रेष्ठले जेष्ठ नागरिक घर परिवारको मात्र नभई राज्यकै अभिभावक भएको बताउनु भयो । जेष्ठ नागरिक ज्ञान र सीपको भण्डार भएको हुँदा सम्मानका अन्य कार्यक्रमहरुमा पनि सहभागी गराउने अध्यक्ष श्रेष्ठले बताउनु भयो ।

गाउँपालिका अध्यक्ष श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष सबिना बुढा, निमित्त प्रमुख प्रशासकीय अधिकृत उपेन्द्र यादव, ९ वटै वडाका अध्यक्ष लगायतको उपस्थिति रहेको थियो । गाउँपालिका उपाध्यक्ष सबिना बुढाको स्वागत मन्तव्यसँगै शुरु भएको कार्यक्रमको सञ्चालन महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाकी कर्मचारी धनिषा पुनले गर्नुभएको थियो ।

# वन व्यवस्थापनबारे अन्तरक्रिया

❖ बालाराम शेर्पाली

दिगो वन व्यवस्थापनका लागि सामुदायिक अधिकार उद्यमशीलता सशक्त संगठन सम्बन्धी अन्तरक्रिया कार्यक्रम यही पुस १२ गते मंगलबार सम्पन्न भएको छ ।

भूमे गाउँपालिकाको आयोजनामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा वनको दिगो विकास व्यवस्थापनमा जिल्ला, पालिका वडा र सामुदायिक स्तरमा के कस्तो भूमिका रहन्छ भन्ने विषयमा छलफल भएको थियो । त्यस्तै, वन व्यवस्थापनको जिम्मेवारीमा रहेर कसरी आयस्रोत जम्मा गर्ने, विपन्न परिवारलाई कसरी सहयोग गर्नेजस्ता विभिन्न छलफल गरिएको थियो। अन्तरक्रियामा प्रमुख अतिथि भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले सामुदायिक वन जङ्गलका काठ र जडिबुटीहरूको सदुपयोग गर्न सबैले पहल लिनुपर्ने बताउनु भयो ।

वन महासंघ रुकुमपूर्वका अध्यक्ष विष्णु देवकोटाले सामुदायिक वन जंगलमा कुन काठ र कस्ता कस्ता जडिबुटी उत्पादन हुने गर्दछन् र ती जडिबुटीलाई कसरी संरक्षण गर्ने भन्ने विषयमा जानकारी दिनुभएको थियो । गाउँपालिका अध्यक्ष श्रेष्ठको प्रमुख आतिथ्य, उपाध्यक्ष सविना बुढाको विशेष आतिथ्य एवं वन महासंघ रुकुमपूर्वका अध्यक्ष विष्णु देवकोटाको आतिथ्यमा भएको कार्यक्रममा नौ वटै वडाका जनप्रतिनिधि, सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन वन महासंघ रुकुमपूर्वका सचिव दुर्गाबहादुर बुढाले गर्नुभएको थियो ।

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

१. नेपालको संघीय संसद प्रतिनिधि सभा सदस्यमा कति जना सदस्य रहने व्यवस्था रहेको छ? -**२७५ जना (प्रत्यक्षमा १६५ र समानुपातिकमा ११०)**

२. एक वन एक पोखरी अभियान सञ्चालन गर्ने स्थानीय तह कुन हो ? - **बुटवल उपमहानगरपालिका**

३. नेपालको स्वीट्जरल्याण्ड भनेर जिरी (दोलखा) लाई चिनिन्छ भने नेपालको फोकल्याण्ड भनेर कुन ठाउँलाई चिनिन्छ? - **सुन्दर हरैचाँ (मोरङ)**

४. लोक्ताको जिल्ला भनेर कुन जिल्लालाई चिनिन्छ ? - **बाग्लुङ** (बाग्लुङ जिल्लालाई झोलुङ्गे पुलको जिल्ला र हाते कागजको जिल्ला भनेर पनि चिनिन्छ)

५. विवाहमा सम्धी- सम्धी लडाइँ गर्ने प्रचलन कुन जातिमा रहेको छ? -**कुमाल**

६. विचित्र गुफा कुन जिल्लामा पर्दछ ? -**गुल्मी**

७. राष्ट्रिय कर दिवस कहिले पर्दछ? -**हरेक वर्ष मंसिर १ मा**

८. अन्तराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को स्थापना कहिले भएको हो ? - **सन् १९८३ डिसेम्बर ५ मा (यसको प्रधान कार्यालय ललितपुरमा रहको छ भने ८ वडा देश सदस्य छन)**

९. एफ. एम. रेडियोका आविष्कार कसले गरेका हुन? -**एडमिन आर्मस्ट्रङ**

१०. चियामा पाइने तत्व टेनिन हो भने कफिमा पाइने तत्व कुन हो? - **क्याफिन**

११. पानीमुनिको देश भनेर चिनिने देश कुन हो ? - **हल्याण्ड**

१२. सैपाल हिमाल र उराई भञ्ज्याङ कुन जिल्लामा रहेका छन? - **बझाङ**

१३. मौरीको महमा कुन भिटामिन पाईन्छ? -**भिटामिन ए र के**

१४. समुन्द्रको गहिराई नाप्ने यन्त्र कुन हो? - **फदोमिटर**

१५. पानीको घाम नामक साहित्यिक कृतिका लेखक को हुन? - **अमर न्यौपाने**

१६. विश्व सिमसार दिवस कहिले मनाईन्छ? -**फेब्रअरी २**

१७. विश्वको सबैभन्दा वढी भाषिक विविधता भएको महादेश कुन हो? -**अफ्रिका**

२०. सार्क कृषि केन्द्रको प्रधान कार्यालय कुन देशमा रहेको छ? - **बंगलादेश (ढाँका)**

२१. सबैभन्दा छिटो दिन हुने ग्रह कुन हो ? - **बृहस्पति**

२२. पानीमा घुल्ने भिटामिनहरु कुन- कुन हुन ? -**भिटामिन वि र सी**

२३. लेन्सको शक्ति कुन एकाईमा नापिन्छ? - **डायप्टर**

२४. चट्याङको देश भनेर कुन देशलाई चिनिन्छ? - **भुटान**

२५. सार्कको प्रतिक चिन्ह बनाउने व्यक्ति को हुन ? -**शैलेन्द्र महर्जन**

२६. सेल्फी शहरको उपनामले चिनिने शहर कुन हो? - **धनकुटा (गुलावी शहर भनेर वालिङलाई चिनिन्छ)**

२७. म्याग्नाकार्टामा कतिवटा धारा छन? -**६३**

२८. नेपालमा प्रकाशित पहिलो पत्रिका कुन हो? -**सुधासागर**

२९. राष्ट्रिय सभाको सदस्य बन्नका लागि न्यूनतम उमेर हदको प्राब्धान कति रहेको छ? - **३५ वर्ष**

३०. ओजोन तहको क्षयिकरण कुन एकाईमा नापिन्छ? -**डब्सन**

(संकलन/प्रस्तुतकर्ता: विजय बाँठा मगर)

# के हो किवी फल ?

किवी फल लहरामा फल्ने एक प्रकारको अत्यन्तै पोसिलो फल हो। फल अण्डा आकारको खैरो रंगको मसिना झुसले ढाकेको हुन्छ र एक पटक लगाएपछि ३०—४० वर्षसम्म लगातार फल दिइरहन्छ । यसको फूल फागुन—चैत्र महिनामा फुल्दछ र कार्तिक—मंसिर महिनामा फल टिप्नको लागि तयार हुन्छ। किवी फल नेपालमा भित्रिएको लगभग ३० वर्ष जति भएता पनि प्रचार प्रसार र उत्पादनको कमीले नेपाली जनमानसमा परिचित हुन सकेको छैन।

किवी खेती गर्न वर्षा सिजनमा पानी नजम्ने र अन्य समयमा सिंचाइको सुविधा भएको पाखो जग्गा उपयुक्त हुन्छ । नेपालको सन्दर्भमा यो फल १ हजार मिटरदेखि माथि ३ हजार मिटरको उँचाइसम्म उच्च पहाडमा खेती गर्न सकिन्छ । नेपालको हिमालदेखि उच्च पहाडी क्षेत्र जहाँ हिउँदमा चिसो हुने र वर्षामा पानी पर्ने र बढी आद्रता भएको हावापानी हुन्छ, त्यस्तो ठाउँको लागि यो फल उपयुक्त हुन्छ ।

नेपालको सन्दर्भमा पूर्व ईलाम, पाँचथर, सोलुखुम्बुदेखि दोलखा हुँदै पश्चिम डडेलधुरा बैतडीसम्म यसको खेती गर्न सकिन्छ । हाल नेपालको सुन्तला लगाइएको क्षेत्रभन्दा माथि र स्याउ लगाइएको क्षेत्रभन्दा तलको लाखौं हेक्टर भू—भाग जहाँ कृषकहरूले परापूर्वकालदेखि केवल मकै, कोदो लगाउँदै निर्वाहमुखी खेती गर्दै आएका छन्, त्यस्ता ठाउँमा यो प्रविधिको पहुँच बढाइ रोजगारी, आय आर्जन तथा देशकै अर्थतन्त्रमा ठूलो सहयोग हुने सम्भावना रहेको छ ।

**यस्ता छन् फाइदा**

किवी फल स्याउ, सुन्तला जस्तो यत्तिकै बोटबाट टिप्नसाथ खान मिल्दैन । यसको फल बोटमा छिप्पिएपछि टिपेर राखिन्छ र फल छाम्दा गिलो भएपछि खानको लागि तयार हुन्छ । चक्कुको सहायताले पातलो बोक्रा हटाएर भित्रको सबै भाग सलादको रूपमा वा यत्तिकै खान सकिन्छ । यो फलको राम्रो र ठूलो दाना ग्रेडिङ्ग गरेर बिक्री गर्ने र साना र बिक्रीको लागि अयोग्य फलबाट जुस, जाम, वाइनजस्ता बहुमूल्य परिकार प्रशोधन गरी व्यवसाय सञ्चालन गर्न सकिन्छ । यसमा भिटामिन सी तथा



अन्य खनिज पदार्थ धेरै भएकोले स्वास्थ्यको लागि बहुउपयोगी छ। पोषण सुधारको साथै पेट सम्बन्धी रोगहरू, न्यूमोनिया, दम, रक्तचाप, कोलेष्टेरोल, मधुमेहजस्ता धेरैथरी रोगहरूमा समेत उपयोगी भएकोले यस फलको महत्व धेरै छ। छोटकरीमा भन्नुपर्दा यसका फाइदाहरू निम्न बमोजिम छन्—

- यो फल ज्यादै पोसिलो छ ।
- धेरै फल्दछ ।
- उत्पादन प्रविधि सजिलो छ ।
- बजारमुखी छ ।
- आम्दानी धेरै हुन्छ ।
- कृषि पर्यटन बढाउँछ ।
- लामो समय भण्डारण गर्न सकिन्छ ।
- रोजगारीको अवसर बढाउँछ ।
- यो निर्यातजन्य फल हो ।
- यो दिगो विकासको प्रविधि हो ।
- राष्ट्रिय अथतन्त्रमा ठूलो टेवा दिन्छ ।

**किवी फल खेती गर्दा के के कुराहरूमा ध्यान दिनुपर्दछ ?**

- किवी खेती गर्ने ठाउँ १ हजार मिटर (४ हजार फिट) माथिको उचाइमा हुनुपर्दछ ।
- किवीको जरा जमिनमा धेरै गहिरो जाँदैन, तसर्थ समय समयमा सिँचाइ दिनुपर्दछ । तर वर्षामा धेरै पानी परेको समयमा पानी जम्न हुँदैन ।
- माटोको अवस्था हेरी मलको राम्रो व्यवस्था मिलाउनु पर्दछ।
- किवीको लहरा छिटो बढ्ने स्वभावको हुन्छ तसर्थ त्यसको सपोर्ट बनाउनु पर्छ भने समय समयमा काँटछाँट मिलाउनु पर्दछ।
- किवी फल्ने ठाउँ ज्यादै ठूलो असिना र हुरी बतास चल्ने ठाउँ हुनु हुँदैन।

## कार्यपालिका बैठकका निर्णयहरु [बैठक नं. ९/२०७९।०८०]

*मितिः २०७९/९/२५* *समयः दिउँसो १:०० बजे*

*स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष* *अध्यक्षताः श्री होम प्रकाश श्रेष्ठ*

**निर्णय नं. १:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को बैंठक संख्या ८ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा निर्णय नं. ६ बाहेक सबै निर्णय कार्यान्वयन भएकाले सबै निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने र आगामी दिनमा निर्णय कार्यान्वयन कार्ययोजना समेत तयार गर्ने निश्कर्ष निकालियो।

**निर्णय नं. २:**

नेपाल सरकार राष्ट्रिय योजना आयोगको मिति २०७९।०८।१९ को सूचना र समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ बमोजिम समपूरक अनुदानबाट सञ्चालन गर्ने तपसिल बमोजिमका समपूरक अनुदानका आयोजनाहरु स्वीकृतिका लागि राष्ट्रिय योजना आयोग समक्ष अनलाईन प्रविष्ट गरी प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**तपसिल**

| क्र.सं. | आयोजनाको नाम | आयोजना स्थल | कूल लागत | लागत बेहोर्ने | | चालु आ.व.मा माग गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | समपूरक | स्थानीय | | |
| १ | १ नं वडा कार्यालय भवन निर्माण | भूमे १ लुकुम | ३२३७४७६६ | १६१०००००० | १६१७४७६६ | १०००००००० | क्रमागत |
| २ | ५ नं वडा कार्यालय भवन निर्माण | भूमे ५ सेराबाङ | ४११८९००० | २०००००००० | २११८९००० | २०००००००० | |
| ३ | ७ नं वडा कार्यालय भवन निर्माण | भूमे ७ धर्मशाला | ३२१५७००० | १६००००००० | १६१५७००० | १६००००००० | |

**निर्णय नं. ३:**

नेपाल सरकार राष्ट्रिय योजना आयोगको मिति २०७९।०८।१९ को सूचना बमोजिम विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ बमोजिम विशेष अनुदानबाट सञ्चालन गर्ने तपसिल बमोजिमका विशेष अनुदानका आयोजनाहरु स्वीकृतिका लागि राष्ट्रिय योजना आयोग समक्ष अनलाईन प्रविष्ट गरी प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**तपसिल**

| क्र.सं. | आयोजनाको नाम | आयोजना स्थल | लागत रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | पोषणमैत्री स्थानीय तह र स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | गाउँपालिकाभर | २०३९७००० | |
| २ | शैक्षिक गुणस्तर वृद्धि तथा STEM शिक्षा प्रवर्द्धन कार्यक्रम | गाउँपालिकाभर | ११३१०००० | |
| ३ | वातावरणमैत्री सार्वजनिक शौचालय निर्माण | ३ स्थानमा | ५४३९००० | |
| ४ | चुनबाङ तटबन्ध निर्माण | भूमे ९ | २५०००००० | |
| ५ | काँक्री तटबन्ध निर्माण | भूमे २ | ४१५००००० | |

**निर्णय नं. ४:**

नेपाल सरकारबाट जारी स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ मा भएको व्यवस्था बमोजिम भूमे गाउँपालिकाले आर्थिक वर्ष २०७८।०७९ मा सम्पादन गरेको स्वमूल्याङ्कनका विषयक्षेत्रसँग सम्बन्धित सूचकको लेखाजोखा गरी कार्यपालिकाबाट स्वीकृत गरिएको नतिजा र नतिजा सुधार कार्ययोजना छलफलको लागि सभामा पेश गर्ने निर्णय गरियो।

**भूमे गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वःमुल्याङ्कन (LISA) को नतिजा, २०७९**

| सि.नं. | सूचक क्षेत्र | | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | सूचक क्षेत्र १: शासकीय प्रबन्ध | ९ | ७.५ | |
| २ | सूचक क्षेत्र २: संगठन तथा प्रशासन | ८ | ६.५ | |
| ३ | सूचक ३: वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ८.५ | |
| ४ | सूचक क्षेत्र ४ : वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | ९.५ | |
| ५ | सूचक क्षेत्र ५: सार्वजनिक सेवा प्रवाह | १६ | १४.५ | |
| ६ | सूचना क्षेत्र ६: न्यायिक कार्यसम्पादन | ७ | ६.५ | |
| ७ | सूचक क्षेत्र ७: भौतिक पूर्वाधार | १३ | ५ | |
| ८ | सूचक क्षेत्र ८: सामाजिक समावेशीकरण | १० | ५.५ | |
| ९ | सूचक क्षेत्र ९: वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ५ | |
| १० | सूचक १०: सहकार्य र समन्वय | ६ | ३.७५ | |
| | **जम्मा** | **१००** | **७२.२५** | |

**निर्णय नं. ५:**

नेपाल सरकारबाट जारी स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ मा भएको व्यवस्था बमोजिम भूमे गाउँपालिकाले आर्थिक वर्ष २०७८।०७९ मा सम्पादन गरेको स्वमूल्याङ्कनका विषयक्षेत्रसँग सम्बन्धित सूचकको लेखाजोखा गरी कार्यपालिकाबाट स्वीकृत गरिएको नतिजा बमोजिम नतिजा सुधार कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ६:**

भूमे गाउँपालिका र अन्तर्गत निकायबाट सम्पादित आर्थिक वर्ष २०७८।०७९ को वार्षिक प्रगति समीक्षा प्रतिवेदन आगामी गाउँसभासमक्ष पेश गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ७:**

भूमे गाउँपालिकाको न्यायिक समितिको वार्षिक प्रतिवेदन (आ.व. २०७८/०७९) आगामी गाउँसभाको बैठकमा पेश गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ८:**

भूमे गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ वार्षिक सम्पत्ती तथा जिन्सी विवरण (सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख) आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ९:**

भूमे गाउँपालिका रुकुम (पूर्व) को आर्थिक वर्ष २०७७।०७८ को महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९ जानकारीका लागि

गाउँसभासमक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:**

भूमे गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत खर्च नहुने र रकम अपुग हुने खर्च शीर्षकहरु रकमान्तर/स्रोतान्तर र शीर्षक संशोधन स्वीकृतिका लागि गाउँसभा बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा करारमा कार्यरत कर्मचारीहरुको करार सम्झौता पदपूर्ति भएको अवस्थामा रिक्त हुने गरी थप ६ महिनाको लागि करार म्याद थप गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. १२:**

काठमाडौंमा हुने मगर साँस्कृतिक झाँकी प्रदर्शनमा भूमे गाउँपालिकाको नचारु नाच र झाँक्री नाच प्रदर्शनका लागि नचारु सहभागीहरुको आतेजाते यातायात खर्च र बाटो अवधिको खाना तथा खाजा खर्च रकम बिल भरपाई पेश भएपछि भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:**

भूमे गाउँपालिकाका तपसिल बमोजिमका स्थानहरुमा झोलुङ्गे पुल निर्माण (१२० मिटर भन्दा बढी) का लागि गाउँपालिकाको क्षेत्राधिकार नपर्ने भएकाले झोलुङ्गे पुल निर्माणका लागि प्रदेश तथा प्रदेश सरकारका निकायमा माग गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | प्रस्तावित झोलुङ्गे पुलको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | दलित टोलदेखि वर्पेसिउ टोलसम्म झोलुङ्गे पुल | १ | |
| २ | बर्छाबास डाँडागाउँ गोर्जेले जोड्ने झोलुङ्गे पुल | ९ | |

**निर्णय नं. १४:**

राजस्व परामर्श समितिले गाउँ कार्यपालिकासमक्ष पेश गरेको प्रतिवेदन तथा स्रोत अनुमान तथा सीमा निर्धारण समितिको आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट आय-व्यय अनुमान प्रस्ताव कार्यपालिकामा छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

### कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७९/०९/२१**

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,पशु सेवा केन्द्रको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालनका लागि भूमे गाउँपालिका अन्तर्गत रहेका कृषक समूह/समिति/कृषि सहकारी संस्था/ फर्म कम्पनीबाट यो सूचना प्रकाशित मितीले ७ औ दिन भित्र तोकियको ढाँचामा बितृत कार्ययोजना तथा देहायका कागजात माग गर्न यो सूचना प्रशन गरिइको छ। साथै रित नपुगेका वा म्याद सकिएपछि प्रापत हुन आएकानिवेदनहरु छनौटका लागि समावेश नहुने ब्यहोरा समेत जानकारी गराइन्छ।

तपशिलः

| क्र.स. | कार्यक्रम | संख्या | न्युनतम शर्तहरु |
|---|---|---|---|
| १ | बंगुरको खोर सुधार कार्यक्रम | १० | प्रति फर्म २ वा २ भन्दा बढी बंगुर पालन गरेको |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः-

१) रु १० को टिकट टाँस गरी अनुसूची-२ बमोजिमको निवेदन,

२) विस्तृत कार्ययोजना अनुसुची-३ बमोजिम,

३) सम्बन्धित निकायमा कृषक समूह/समिति/कृषि सहकारी संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी,

४) सहकारी सस्थाको हकमा कृषि/पशुपालन ब्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपी ,

५)) सस्था, कृषक समूह/समितिहरु, कृषि फर्म र कृषकले संस्था, कृषक समूह/समितिहरु, कृषि फर्मको **PAN/VAT** दर्ता भए प्रमाणपत्रको प्रतिलिपि,

७) कार्यक्रम उपलब्ध गराउन उल्लेख गरिएको वडा कार्यालय सिफारिस पत्र र नेपाली नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपि,

८) कृषक समूह/समिति/सहकारी संस्थाको हकमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी बैठक बसेको निर्णयको प्रतिलिपि,

९) कृषक समूह/समिति/सहकारी संस्थाका सदस्यहरुको नामावली (नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी सहित) ,

१०) कर्यक्रम संचालन हुने स्थान र जग्गा/जमिनको स्वामित्व खुल्ने कागजात (जग्गा धनी लालपुर्जा) वा भाडाको जग्गा भएको कम्तिमा ५ बर्षको सम्झौता करारनामा,

११) यस सर्त प्रचलित कानून अनुसार हुने छ,

१२) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार हुने छ,

नोटः निवेदन र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम संचालन प्रक्रिया यस गाउपालिकाको **Website www.bhumemun.gov.np** पशु सेवा केन्द्र तथा वडा कार्यालयबाट प्रप्त गर्न सकिने छ।

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## नतिजा प्रकाशन सम्बन्धी सूचना ।

सूचना नं :२०७९/८० प्रकाशित मिति २०७९/०९/१९

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पशु सेवा केन्द्रको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०७०/७/१६ गते प्रकाशित सूचना अनुसार व्यवसायिक बाख्रापालन फर्म सुदृढीकरण कार्यक्रम ५०% अनुदान कार्यक्रम संचालन गर्नका लागि नियम अनुसार पर्न आएका निवेदनहरु मध्येबाट तपशिलका सस्था, कृषक समूह/समितिहरु, कृषि फर्म र कृषकले संस्था, कृषक समूह/समितिहरु, कृषि फर्महरुलाई छनौट गरि ७ दिन भित्र सम्झौताका लागि कार्यालयमा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशन गरिन्छ ।

तपशिलः

| क्र.स | संचालक/अध्यक्ष/व्यवस्थापक | फर्म/समुह/सहकारी संस्था | फोन नं | कैफियत |
|---|---|---|---|---|
| १ | भरत बुढा | भरत बहुउद्देश्य कृषि फर्म भूमे ८ कुचिबाङ | ९८१८०३४५१४ | फर्म सुदृढीकरण/निर्माण |
| २ | ईच्छे कामी | सुनिल भेडापालन फर्म भूमे १ लुकुम | | फर्म सुदृढीकरण / निर्माण |
| ३ | लिला प्रसाद पुन | स्थानीय भेडापालन फर्म भूमे ३ झुम्लाबाङ | ९८४५२०४२८१ | फर्म सुदृढीकरण / निर्माण |
| ४ | जमान रोका | जमान बाख्रापालन फर्म भूमे २ खाबाङ | | फर्म सुदृढीकरण / निर्माण |
| ५ | बिजय वली | लालीगुरास बहुउद्देश्य कृषि फर्म भूमे ९ चुन्वाङ | | फर्म सुदृढीकरण / निर्माण |
| ६ | जोखे खत्री | खत्री एकिकृत कृषि तथा मत्स्य फर्म भूमे ७ भित्रीवन | | फर्म सुदृढीकरण / निर्माण |
| ७ | बिरप्रताप रोका | बिरप्रताप बाख्रापालन फर्म भूमे २ खाबाङ | ९८२५४३२२६४ | फर्म सुदृढीकरण / निर्माण |
| ८ | जुन बहादुर बुढा | बचन एण्ड सज्जन पशु फर्म भूमे ५ डालिबाङ | ९८६६९०४८६० | फर्म सुदृढीकरण / निर्माण |
| ९ | करुणा बुढा | करुणा बहुउदेश्य कृषि तथा पशुपन्छी फर्म भूमे ८ पोखरापाटा | ९८६८४४७६६२ | फर्म सुदृढीकरण / निर्माण |
| १० | जुनमाया बुढा | पवन पशु तथा कृषि फर्म भूमे ५ डालिबाङ | ९८६६२५३२२२ | फर्म सुदृढीकरण / निर्माण |

बैकल्पिकः

| क्र.स | संचालक/अध्यक्ष/व्यवस्थापक | फर्म/समुह/सहकारी संस्था | फोन नं | कैफियत |
|---|---|---|---|---|
| १ | बल बहादुर सुनार | साविञी पशु फार्म भूमे ५ सेराबाङ | ९७४२८०१४०६ | **PAN** नभएको |
| २ | बल बहादुर पुन | अरुनीमा बहुउदेश्य कृषि तथा पशुपन्छी फर्म भूमे ९ सिमचौर | | एकीकृत का बाट अनुदान प्राप्त |

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

सूचना नं : २०७९/८०.

### माग पेश गर्ने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०९/२०

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पशु सेवा केन्द्रको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालन गर्न यो सूचना प्रकाशित भएको मितीले ७ औ दिन भित्र तोकिएको ढाँचामा देहायका कागजात सहित भेडापालन गर्ने किसानहरुले थुमा माग गर्नुहुन यो सूचना प्रश्न गरिएको छ । साथै रित नपुगेका वा म्याद सकिएपछि प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिलः

| क्र.स. | कार्यक्रम | संख्या | न्युनतम शर्तहरु |
|---|---|---|---|
| १ | उन्नत जातको भेडाको प्रजनन थुमा खरिद ढुवानी र वितरण | ४ | भेडापालन गरेको |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः-

१) रु १० को टिकट टाँस गरी अनुसूची-२ बमोजिमको निवेदन,

२) वडा कार्यालयको सिफारिस पत्र,

३) दर्ता भएको भए दर्ता प्रमाणपत्र र नेपाली नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपी,

४) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार हुने छ,

नोटः निवेदनको ढाँचा गाउँपालिकाको **Website www.bhumemun.gov.np** पशु सेवा केन्द्र तथा वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।



# ज्यानमारा रोग रेविजबाट

## आफू कसरी बच्ने र अरुलाई बचाउने ?





बौलाहा कुकुर,विरालो,स्याल,न्याउरी मुसा वा अन्य मांसहारी जनावरको टोकाईबाट रेविज रोग सर्दछ ।



बौलाहा वा शङ्कास्पद कुकुर र जंगली जनावरले टोकेमा तुरुन्तै सावुन पानी वा सफा पानीले ५ मिनेटसम्म राम्रोसँग घाउ पखालौ र औषधी लगाऔ ।



टोक्ने कुकुर १० दिनभित्र मऱ्यो,मारियो,बेपत्ता भयो वा चिन्न सकिएन भने डाक्टरको सल्लाह बमोजिम रेबिज रोग विरुद्धको खोप लगाउने । **सावधान !** बौलाहा कुकुरले टाउको वा आसपासका धेरै ठाउँमा नराम्रो गरि टोकेको अवस्थामा तुरुन्तै रेबिज विरुद्धको खोप लगाउनुपर्छ । किनकी रोग लाग्ने सम्भावना धेरै हुन्छ ।



पाल्तु कुकुर वा विरालोलाई नियमित रुपमा रेविज रोग विरुद्धको खोप लगाउनुपर्छ । पहिलो पटक ३ महिनाको उमेरमा दोस्रो पटक ९ महिनाको उमेरमा त्यसपश्चात प्रत्यक वर्ष रेबिज विरुद्धको खोप लगाउनु पर्छ ।

**कहिलै बिर्सिनु भएन,रेविज रोग लागेपछि कुनै उपचार हुदैन तर बेलैमा सावधानी पुग्यो भने सजिलै बाँच्न सकिन्छ।**

अनि यता पनि हेरौ त ।



- बौलाएको कुकुरले टोकेमा नियमित रेबिज रोग विरुद्धको खोप लगाउनुपर्छ।
- आजसम्म एउटा मात्र खोप लगाएर पुग्ने रेबिज खोप पत्ता लागेको छैन ।

भूमे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**पशु सेवा केन्द्र**
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

# उपभोक्ता तथा व्यापारी वर्गमा भूमे गाउँपालिका, रुकुम (पूर्व) को अपिल !

१) कारोबार स्थलमा साइनबोर्ड, मूल्य सूची भए नभएको हेर्ने बानी बसालौं । प्याकिङमा अधिकतम् खुद्रा मूल्य (MRP), उपभोग्य अवधि (Best Before BB) हेरेर मात्र सामान खरिद गरौं ।

२) प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगाना, वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति र उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।

३) उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं ।

४) औषधी तथा औषधिजन्य पदार्थहरको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

५) वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

६) सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने बानी गरौं ।

७) कमसल उपभोग्य वस्तु वा सेवाको प्रयोगबाट कुनै हानी नोक्सानी भएमा पालिका वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी गरौं ।

८) अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा नजिकको गाउँ/नगरपालिका वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागमा उजुरी गरौं ।

९) व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

१०) उपभोक्ता हित विपरित हुने कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं ।

भूमे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल